# हाम्रा परमेश्वरको झल्कोहरु
# ("Glimpses Of Our God")


लेखक:

जो आन डेभिडसन



<u>अनुवादक</u>

भजुराम श्रेष्ठ



## पब्लिशिङ्ग डिपार्टमेन्ट अभ्
## सेभेन्थ-डे एडभेन्टिस्ट चर्च,
## नेपाल फिल्ड

(Publishing Department of Seventh-Day Adventist Church, Nepal Field)

यस बाइबल अध्ययनका मुख्य सम्पादकीय कार्यालय:
१२५०१ ओल्ड कोलम्विया पाईक, स्प्रिङ्गफिल्ड,
मेरिलाण्ड, २०९०४, संयुक्त राज्य अमेरिका
सम्पादक: सोराया होनायुरी, सहयोगी सम्पादकः जर्ज ब्लेसर र एस्थर डोस
प्रकाशक अधिकृत: ली अलेक्जेण्डर ग्रीभ
नेपाली भाषामा ईन्टरनेटमा प्रस्तुत गर्नेः जितेन्द्र श्रेष्ठ
ईन्टरनेट वेबसाईट : **www.nepalworks.com/bhajupurna**
**sdagattaghar.weebly.com**

प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, शवाथ स्कुल विभाग

प्रथम संस्करण : २०६८ (ई.सं. २०११/२०१२)
पाण्डुलिपि ईन्टरनेटबाट प्राप्त गर्न र अनुवादको लागि आधिकारिक अनुमती प्रदान साउथरन एशिया डिभिजन अभ सेभेन्थ-डे एडभेन्टिस्ट

कम्प्यूटर लेआउट तथा आवरण चित्र
सुजीत कुमार साह

(बाइबल साथमा लिएर यस पुस्तकलाई अध्ययन गर्नुहोला)

अनुवादकको अनुरोधः पाठकवृन्धहरूले यस अध्ययनमा भएका त्रुटिहरू औंल्याएर सुधार गर्न सुझाव दिनुभएमा अनुवादक आभारित हुनेछन्

**प्रकाशक**
पा. उमेश कुमार पोखरेल,
निर्देशकः पव्लिशिङ्ग डिपार्टमेन्ट नेपाल फिल्ड अभ एसडिए चर्च, फोनः ६६३७१८१, umsan@wlink.com.np

सम्पर्कः-
पास्टर कुबेर लामिछाने ☎ ९८४१७१५०९५
एल्डर कपिल बानिया ☎ ९८५१०९४२२५
एल्डर भजुराम श्रेष्ठ, ☎ ५५२७८३० **bhajupurna@gmail.com**

# भूमिका

# परमेश्वरलाई चिन्नु

माथि अन्तरिक्षमा हबल साटलाईट घुमीरहेको छ। त्यो साटलाईटमा अत्याधुनिक दुरबिन वा टेलिस्कोप जडान गरिएकोछ। त्यस दुरबिनले अन्तरिक्ष वा आकाशमण्डलका चित्रहरू खिँचेर पठाउँछन्। कुनै पानि मानिस ती चित्र वा फोटोहरू हेर्दा बिशाल अन्तरिक्षका सुन्दरतालाई अचम्म नमानी बस्न सक्दैन। त्यस दुरबिनले अनगिन्ती नझत्र तथा आकाशगँगाका फोटोहरू यस पृथ्वीमा पठाउँछन्। ती नक्षत्रहरूमा एक नक्षत्रलाई "सम्वेरो ग्यालक्सी" भनिन्छ। यस प्रख्यात नक्षत्रको फोटो देखेर एक जना लेखक अत्यन्त प्रभावित भएका थिए। त्यस फोटोप्रति अत्यन्त भावभिवोर भएर उनले आफ्नो भावना यसरी व्यक्त गरे, "खरबौं खर्ब मध्ये त्यस एक सम्वर ग्यालेक्सी अर्थात् नक्षत्रको सृष्टि गर्न त्यसमा लगानी गरेको ज्ञान, बाहुबल, तर्क, सत्य र त्यस नक्षत्र बनाउनको उद्देष्यलाई बुझ्न र नाप्न मात्र हामी कसरी सुरु गर्न सक्दछौं र? अथाह जगतमा हामी यहाँ छौं। ती भयङ्कर तथा बिशाल नक्षत्रहरूबाट हामी अति सुक्ष्म र अलग छौं। सृष्टिका हामी केवल एक थोप्लामात्र छौं। जगतको बारेमा कतिपय ज्ञानहरू जान्न बाँकी नै छ तर हामीलाई केवल अत्यन्त थोरैमात्र थाहा छ।"

अझ अचम्म र मानव मष्तिश्कलाई चकित पार्ने जगत वा ब्रम्हाण्ड भन्दा त त्यसलाई सृष्टि गर्ने सृष्टिकर्ता हुनुहुन्छ। यो किनभने त्यस जगतभन्दा महानले मात्र त्यस जगतलाई सृष्टि गर्न सक्दछन्।

निःसन्देह, जुन परमेश्वरलाई हामी पुज्दछौं, जुन परमेश्वरको उपासक हौं र जुन परमेश्वरलाई हामी सेवा गर्दछौं त्यहि परमेश्वरले सम्बर ग्यालेक्सी (आकासगङ्गा)देखि क्वार्क अर्थात सम्पूर्ण भौतिक पदार्थलाई चाहिने तत्व र सर्वव्यापी यावत थोकहरू सृष्टि गर्नुभएको थियो। उहाँबिना कुनै पनि थोक सृष्टि भएको थिएन।

यस अध्ययन पुस्तिकमा हामीले आराधना र सेवा गर्ने त्यस महामहिम यशश्वीमय र तेजश्वीमय महान् सर्वोच्च परमेश्वरको बारेमा अझ बढि ज्ञान प्राप्त गर्न अध्ययन गर्नेछौं। हामी केहि धर्मदर्शन वा परमार्थविद्यामा प्रवेश

गर्नेछौं। धर्मदर्शन वा परमार्थविद्या (थियोलोजी)को अर्थ भनेको परमेश्वरको बारेमा अध्ययन गर्ने हो। हामीले सेवा, आराधना र विश्वास गर्ने परमेश्वरको बारेमा आत्मज्ञान पाउनु अत्यन्त महत्त्वपूर्ण मान्नुपर्दछ। उहाँले नै उहाँलाई यसरी प्रेम गर्न हामीलाई आह्वान गर्नुभएको छ, "तिमीले आफ्ना परमेश्वरलाई सारा हृदय, र सारा अन्तर आत्माले, र सारा बाहुबलले, र सारा दिमागले प्रेम गर्नु।" (लूका १०:२७)।

बाइबलमा परमेश्वरको बारेमा चित्रण अत्यन्त फराकिलो रूपमा गरिएकोछ। हो, उहाँको प्रेम अत्यन्त गरिमामय र महत्त्वपूर्ण छ। यद्यपि, उहाँको बारेमा त्यो भन्दा बेसी ज्ञानहरू छन् जुन हामीले जानुन् भनि उहाँ चाहनुहुन्छ। उदाहरणमा, बाइबलमा सयौं विभिन्न नाउँले उहाँलाई सम्वोधन गरिएको छ। प्रत्येक नाउँले स्वर्ग र पृथ्विका महान् परमेश्वरको बारेमा गहिरो र अझ बढि जानकारी दिन्दछन्। उहाँ सान्ता क्लज वा कुनै बुढो बाजे होइन जो आकासमा रहन्छ र आफूलाई मनपर्नेलाई इनाम दिन्छ र हामीलाई चाहेको बेलामा सहायता गर्छन्। (एक जना जुवाडेले लाखौं डलर जीते र सार्वजनिक रूपमा येशूलाई धन्यवाद दिए रे !)

हामीलाई देखाइएको परमेश्वरका बिभिन्न पक्षहरूको बारेमा अझ बढि यस अध्ययन पुस्तकमा सिक्नेछौं। अनि ती पक्षहरूको बारेमा मनन गर्नेछौं र त्यसको अर्थ बुझ्न प्रयास गर्नेछौं। परमेश्वरको बारेमा आधारभूत तथ्यहरूबाट हामी सुरू गर्नेछौं। ती तथ्यहरूमा त्री-एक परमेश्वर एक हुन्। त्री-एक परमेश्वर अत्यन्त घतलाग्दो बिषय हो। परमेश्वर एक हुनुहुन्छ यद्यपि उहाँ तिनजना भएर एक हुनुभएको हो। त्यसबाट परमेश्वर सृष्टिकर्ताको बारेमा हाम्रो ध्यान केन्द्रित गर्नेछौं। हामीले विश्वास गर्ने सबै शिक्षादिक्षाको आधार नै त्यो हो। पछि हामी परमेश्वरको मुक्तिको कामको बारेमा अध्ययन गर्नेछौं। पतित संसारमा केवल जन्मिएर मात्र पुग्दैन, न त सृष्टि नै सबै थोक हुनआउँछ। हामीलाई पापबाट फर्काइनु आवश्यक छ, त्यो पनि परमेश्वरबाट। परमेश्वर न्यायमूर्ती र अनुग्रही हुनुहुन्छ भन्ने बिषयमा पनि हामी प्रवेश गर्नेछौं। उहाँको शिद्ध तथा पवित्रता, व्यवस्था र सब्बथको बारेमा त्यस पछि अध्ययन गर्नेछौं। हामीले अध्ययन गर्ने सबै विषयवस्तुहरूको श्रोत परमेश्वरको चरित्र हो। ती विषयबस्तुहरूलाई यदि

हामीले बुझ्न सक्यौं भने परमेश्वर कस्तो हुनुहुन्छ भन्ने आत्मज्ञानमा हामी पोख्त हुनसक्दछौं।

हामीले प्रायजसो ध्यान नदिएका परमेश्वरका अरू पक्षहरूको बारेमा पनि हामी सिक्नेछौं। परमेश्वर सौन्दर्यता, इतिहास र स्वच्छन्द प्रेमले बिभुषित भएको रोमाञ्चित हुनुहुन्छ। यसको साथै परमेश्वर प्रार्थना र प्रकृतीको पनि परमेश्वर हुनुहुन्छ। परमेश्वरको सेवाभक्तिमा लाग्नु भनेको के हो त्यसको भेद पनि हामी खोतल्ने कोशिष गर्नेछौं। यस बिश्वको इतिहासलाई अभूतपूर्वक बन्द गरिने र पापको अन्त गरिने येशूको तेजस्वीमय दोस्रो आगमनको बारेमा सक्दो अध्ययन हामी गर्नेछौं। परमेश्वरले यस पापी संसारलाई दिनुभएको महान प्रतिज्ञा नै येशूको दोस्रो आगमन हो, जुन् हामी सबैले उत्सुकतापूर्वक पर्खेर बसेकाछौं।

परमेश्वर अत्यन्त महान् हुनुहुन्छ। सम्बर तथा अनतगिन्तियौं तारामण्डल महासागरहरू सृष्टि गर्नुहुने परमेश्वर चाचनचुनको हुनुहुन्न। तर त्यस गन्न नसकिने तारामण्डल तथा नक्षत्ररूपी महासागरहरूका बालुवाको केवल हामी एक कण मात्रै हौं। यद्यपि, हामी त्यस परमेश्वरप्रति अत्यन्त आभारित छौं किनभने हामीले पाउने ज्ञानका ज्योति वा भौतिक ज्योतिका प्रत्येक सुक्ष्म किरण उहाँबाटै हाम्रो लागि आउँदछ। हामीले ज्योतिको बारेमा पनि यस अध्ययनमा सक्दो धेरै पढ्नेछौं। परमेश्वरको ज्योति पाएर त्यसमा विश्वास गरि हिंड्ने अभिभारा हामी प्रत्येकलाई सुम्पिएको छ।

यस अध्ययन पुस्तकका लेखक जो आन डेभिडसन हुनुहुन्छ। उनी आन्द्रुज युनिभर्सिटी सेमिनारीको थियोलोजी विभागको प्रोफेसर हुनुहुन्छ। यो विश्वबिद्यालय सेभेन्थ-ड एडभेन्टिस्ट चर्चको वौद्धिक जगतको मूल विश्वविद्यालय हो जुन् अमेरिकाको मीशिगन राज्यको बेरियन स्प्रिङ्गमा अवस्थित छ।

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १ | त्री एक परमेश्वर | १ |
| २ | आदिमा | १३ |
| ३ | उद्धारकर्ताको रुपमा परमेश्वर | २५ |
| ४ | अनुग्रह र न्यायको परमेश्वर | ३७ |
| ५ | परमेश्वरको पवित्र चरित्र | ४९ |
| ६ | व्यवस्था तथा नितिनिर्देशन दिनुहुने ... | ६१ |
| ७ | सव्बाथ अर्थात पवित्र विश्रामबारको प्रभु | ७३ |
| ८ | सृष्टि तथा पर्यावरणप्रति परमेश्वरको चासो | ८५ |
| ९ | बाइबल र मानव इतिहास | ९७ |
| १० | प्रार्थना | १०९ |
| ११ | कलाकार रुपी परमेश्वर | १२१ |
| १२ | प्रेम कथा | १३३ |
| १३ | येशूको महिमित दोस्रो आगमनको प्रतिक्षा | १४५ |

# अस्थाई पाना

<u>सुझावः</u> त्रैमासिक अध्ययन – चैत्र १७, २०६७ (मार्च ३०, २०१२)पछि आफ्नो इच्छा अनुसार यो पाना च्याती दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखी शुक्रबार बेलुकासम्मको अध्ययन तीथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात शबाथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | पुस १६-२२,२०६८ (डिसेम्बर ३१-जन ६) |
| २ | अध्याय २ | पुस २३-२९, २०६८ (जनवरी ७-१३) |
| ३ | अध्याय ३ | पुस ३०-माघ ६, २०६८ (जनवरी १४-२०) |
| ४ | अध्याय ४ | माघ ७-१३ (जनवरी २१-२७) |
| ५ | अध्याय ५ | माघ १४-२० (जनवरी २८-फेब्रुरी ३ |
| ६ | अध्याय ६ | माघ २१-२७ (फेब्रुरी ४-१०) |
| ७ | अध्याय ७ | माघ २८-फागुन ५ (फेब्रुरी ११-१७) |
| ८ | अध्याय ८ | फागुन ६-१२ (फेब्रुरी १८-२४) |
| ९ | अध्याय ९ | फागुन १३-१९ (फेब्रुरी २५-मार्च २) |
| १० | अध्याय १० | फागुन २०-२६ (मार्च ३-९) |
| ११ | अध्याय ११ | फागुन २७-चैत्र ३ (मार्च १०-१६) |
| १२ | अध्याय १२ | चैत्र ४-१० (मार्च १७-२३) |
| १३ | अध्याय १३ | चैत्र ११-१७ (मार्च २४-३०) |

प्रभुमा जबर हुन बाइबल पढ्न अनिवार्य भएकोले, येशुभक्तले त्यसमा वचनबद्धता जनाउन हरेक दिन पढेको छु भनेर टिक (√) चिन्ह लगाउनु होला।

| अध्याय / बार | शबाथ | आइतबार | सोमबार | मंगलबार | बुधबार | बिहिबार | शुक्रबार |
|---|---|---|---|---|---|---|---|
| १ पुस १६-२२,२०६८(डिसेम्बर ३१-जन | | | | | | | |
| २ पुस २३-२९, २०६८(जनवरी | | | | | | | |
| ३ पुस ३०-माघ ६, २०६८(जनवरी | | | | | | | |
| ४ माघ ७-१३ (जनवरी २१-२७) | | | | | | | |
| ५ माघ १४-२०(जनवरी २८-फेब्ररी | | | | | | | |
| ६ माघ २१-२७ (फेब्ररी ४-१०) | | | | | | | |
| ७ माघ २८-फागुन ५ (फेब्ररी ११-१७) | | | | | | | |
| ८ फागुन ६-१२ (फेब्ररी १८-२४) | | | | | | | |
| ९ फागुन १३-१९(फेब्ररी २५-मार्च २) | | | | | | | |
| १० फागुन २०-२६ (मार्च ३-९) | | | | | | | |
| ११ फागुन २७-चैत्र ३(मार्च १०-१६) | | | | | | | |
| १२ चैत्र ४-१० (मार्च १७-२३) | | | | | | | |
| १३ चैत्र ११-१७(मार्च २४-३०) | | | | | | | |